**आज मिति २०७९/०३/२९ गते बुधवार दिनको १:०० बजे क.उ.म.न.पा.को मर्यादित सभा हलमा नगर प्रमुख श्री विनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको ६औं बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।**

**छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-**

१. पोखरी विवाद सम्बन्धमा।

निर्णयः- श्री ने.रा.मा.वि. महेशपुर, वडा नं. २६ को हक भोगमा रहेको वडा नं. २७ को पोखरी समबन्धमा वडा नं. २६ र २७ को विवादलाई समाधान गर्न आजका मिति देखि सो पोखरी नगरपालिकाको हकभोगमा राख्ने र न.पा. बाट वर्षको रु ३०००००/- श्री ने.रा.मा.वि. महेशपुर, वडा नं. २६ लाई उपलब्ध गराउने निर्णय गरियो। साथै सो पोखरीको पांच वर्षको लागि न्युनतम रु. १५ लाख कायम गरि आय संकलनको सुचना प्रकाशन गर्ने निर्णय गरियो।

२. तराई मधेश समृद्ध कार्यक्रम योजना संशोधन सम्बन्धमा।

निर्णय :- तराई मधेश समृद्ध कार्यक्रम योजना अन्तरगत आ.व. २०७९/८० मा वडा नं. १८ को श्री ने.रा.मा.वि. मोतिसर विद्यालय भवन निर्माणको लागि रु. २००००००/-(अक्षरेपी दुई करोड मात्र) विशेष अनुदान शिर्षकमा विनियोजन भइसकेको र सोहि विद्यालयमा पुनः रु. ३५०००००/- तराई मधेश समृधि कार्यक्रमबाट पनि विनियोजन भइ दोहरो हुन गएकोले श्री ने.रा.मा.वि. मोतिसरको योजना संशोधन गरि सो को ठाउँमा वडा नं.२७ को श्री ने.रा.आ.वि. विजुलपुर रामपुरको योजना समावेश गर्न तराई मधेश समृधि कार्यक्रमलाई अनुरोध गर्ने निर्णय गरियो

३. हाट बजार ठेक्का सम्बन्धमा।

निर्णय :- मिति २०७९/०३/२३ गते ३० दिने हाट बजारको ठेक्का सम्बन्धि सुचना प्रकासित सिलबन्दी बोलपत्र आहवान भएको तर सो समय अवधि भित्र कुनै पनि फर्मले टेन्डर खरिद नगरेकोले मिति २०७९/०३/२२ गते राजश्व परामर्श समितिको बैठकबाट निर्णय भए बमोजिम १०% घटाई पुनःठेक्का गर्ने निर्णयलाई यस कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो र ठेक्का नभए सम्म अमानतमा वडा नं. ४ को वडाध्यक्षको संयोजकत्वमा राजश्व शाखाले वहाल बिटौरी कर उठाउने निर्णय गरियो।

४. वडा कार्यालयमा जिन्सी सामान दाखिला गर्ने सम्बन्धमा।

निर्णयः- २७ वटै वडामा जिन्सी दाखिला रजिष्टर राखी मालसामान जिन्सी दाखिला गर्ने निर्णय गरियो।

५. सामुदायिक भवनको नाम जग्गादाताको नाममा राख्ने सम्बन्धमा।

निर्णय :- क.उ.म.न.पा. वडा नं. १४ को किता नं. १०८२ को ज.वि.०-०-१०-१५ माधो साहको छोराबुहारी, राजेन्द्र प्रसाद जयसवालको पत्नी ब्रिजापति देवीको नाममा दर्ता रहेको जग्गा सामुदायिक भवन निर्माणको लागि दान गरेकोले सो सामुदायिक धर्मशालाको नाम जग्गादाताको पतिको नाउँमा **"श्री राजेन्द्र प्रसाद जयसवाल सामुदायिक धर्मशाला"** राख्ने निर्णय गरियो।

६. आर्थिक सहयोग सम्बन्धमा।

निर्णय :- तपसिल अनुसारका माग भइ आएको व्यक्ति/संघ/संस्था/संगठन लाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो

तपसिल

क. समाजवादी प्रेस संगठन नेपाललाई रु. १५०००/-

ख. क.उ.म.न.पा.-१, प्रमिला देवी थरुनीलाई रु. १००००/- उपलब्ध गराउने।